नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः १४, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि,२०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

सिद्धलेक गाउँपालिका

## <u>प्रस्तावनाः</u>

सिद्धलेक गाउँपालिका क्षेत्रभित्र मातृ तथा नवशिशु स्वास्थ्य र पोषण प्रवर्द्धन एवं व्यवस्थापन गर्न, स्वास्थ्य क्षेत्र सुदृढ  गर्न तथा सुरक्षित प्रसुति तथा कुपोषण मुक्त बालबालिका विकाश गर्न र मातृ मृत्युदर घटाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, सिद्धलेक गाउँपालीका गाउँकार्यपालिकाको वैठकले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित सिद्धलेक गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने गर्भवती/सुत्केरी महिलालाई पोषण सहित सुरक्षित प्रसुति सेवा प्रदान गर्ने उद्धेश्यले <u>**“उपाध्यक्ष सँग गर्भवती तथा सुत्केरी कार्यक्रम सञ्चालन कार्यविधि २०७९”**</u> बनाएको छ ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम “सिद्धलेक गाउँपालिकाको उपाध्यक्ष सँग सुत्केरी कार्यक्रम सञ्चालन कार्यविधि २०७९” रहेको छ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” सिद्धलेक गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउसभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) “कार्यक्रम योजना” भन्नाले मातृ तथा नवशिशु स्याहार मोडल कार्यक्रम विषेश अनुदान संघ, प्रदेश र गाउँपालिकावाट तय गरिने कार्यक्रम समेत लाई जनाउँछ ।

(झ) “वडा” भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ञ) “वडाअध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) “सदस्य” भन्नाले गाउँपालिकाको वडासदस्य सम्झनु पर्दछ ।

(ठ) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्भन्नु पर्दछ ।

(ड) “उपाध्यक्ष सँग सुत्केरी” भन्नाले गाउँपालिका, भित्र रहेका लक्षित गर्भवती, तथा सुत्केरी महिला र नवजात शिशुको स्याहार संरक्षण एवं पोषण स्थितिको व्यवस्थापनलाई  जनाउँदछ ।

(ढ) “लक्षित वर्ग” भन्नाले गरीब, विपन्न, दलित, असहाय, वेसहारा, न्युनआय रोजगारविहिन, एकल, अशक्त, अपाङ्ग प्रकृतिको पारिवारिक अवस्थामा रहेका सिद्धलेक गाउँपालिका भित्र वसोवास गर्ने सम्पूर्ण गर्भवती तथा सुत्केरी महिलालाई जनाउँछ ।

(ण) “लक्षितवर्ग व्यक्ति” भन्नाले सिद्धलेक गाउँपालिका भित्र स्थायी ठेगाना भई गाउँपालिका भित्र रही वसेका गर्भवती महिला तथा निजवाट कार्यक्रम लागुहुने समय पश्चात जन्मने ६ महिना भित्रको शिशु दुवै लाई जनाउछ ।

(त) “अस्पताल तथा स्वास्थ्य सस्था भन्नाले” यस कार्यक्रमको प्रकृति तथा संवेदनशिलताले गर्दा यस गाउपालिका भित्र रहेको १५ शैया को निर्माणाधिन  अस्पताल लगायत  सबै स्वास्थ्य तथा बर्थिङ्ग सेन्टरलाई मात्र जनाउछ ।

(थ) “खर्च को मापदण्ड तथा नर्म्स भन्नाले” दफा ५ अर्न्तगत उप दफा ३ मा भएको खर्च नर्म्स लाई जनाउँछ ।

(द) “कार्यक्रम अवधि” भन्नालेः बार्षिक स्वीकृत बजेट कार्यान्वयन अवधि सम्मको अवधि लाई जनाउछ र असार मसान्तमा खाता बन्द भएपछी बर्थिङ्ग सेन्टरमा भएका सुत्केरीहरुको दायित्व स्वतः आउने आर्थिक बर्षमा सर्दछ ।

(ध) “लक्षित वर्ग कार्यक्रम सहभागी” भन्नालेः वार्षिक रुपमा प्रसुति हुने सुत्केरी महीला लाई जनाउछ, जस अनुसार प्रत्येक आ.ब.को असार मसान्तसम्म सुत्केरी हुने र सिद्धलेक गाउँपालिका भित्रको बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने र जटिलताको कारण रेफर गर्न परेका सुत्केरी महिला यो कार्यक्रमको लक्षित वर्ग भित्र पर्दछन् ।

(न) “जिम्मेवार स्वस्थ्यकर्मी” भन्नालेः- कार्यक्रम प्रयोजन को लागि प्रमुख प्रशासकीय अधिकृतले सो कार्य गर्नेगरी तोकेको कर्मचारी तथा स्वास्थ्यकर्मीलाई मात्र जनाउँछ ।

३ यस कार्यक्रमको मुख्य उद्धेश्य गाउँपालिका भित्र रहेका गर्भवतीहरुलाई घरमा हुने सुत्केरी शुन्य बनाई सम्पुर्ण गर्भवतीलाई संस्थागत सुत्केरी हुन अभिप्रेरित गर्ने र सिद्धलेक गाउँपालिकाले सलाङ स्वास्थ्य चौकी, कालिका बर्थिङ सेन्टर,नलाङ स्वस्थ्य चौकी कुम्पुर स्वास्थ्य चौकीको, बर्थिङ्ग सेन्टरहरुबाट गुणस्तरिय स्वास्थ्य सेवाको प्रभाहिकरणको सुनिश्चितता गर्ने रहेको छ ।

४ यस सिद्धलेक गाँउपालिका भित्र स्थाई रुपमा बसोवास गर्ने र कामको सिलसिलामा अस्थाई रुपमा बसोवास गर्ने सुत्केरी महिलाहरु (वडा बाट प्रमाणित कागजातका आधारमा) सलाङ स्वास्थ्य चौकी, कालिका बर्थिङ सेन्टर, नलाङ स्वास्थ्य चौकी, कुम्पुर स्वास्थ्य चौकीको रहेको बर्थिङ्ग सेन्टरहरुमा सुत्केरी भएका वा बर्थिङ्ग सेन्टरमा सुत्केरीको लागि उपस्थित भएका तर जटिलताको कारण रेफर गर्न परेका सम्पुर्ण महिलाहरु यस कार्यक्रममा समेटिने छन भने घरमै

हुने सुत्केरी र स्वःस्फूर्त रुपमा सिद्धलेक गाउँपालिका भन्दा बाहिरका स्वास्थ्य संस्थाहरुमा गई सुत्केरी हुने सुत्केरीको हकमा यो सुविधा लागु हुनेछैन ।

५. उपाध्यक्ष सँग सुत्केरी कार्यक्रमः लक्षित गर्भवती/सुत्केरी महिला र निजवाट जन्मने नवशिशु दुवैको हितमुलक कार्यक्रमलाई जनाउँछ, जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

५.१ सूचकमा आधारित भई लक्षित गर्भवती/सुत्केरी महीलाको पहिचान गर्ने ।

५.२ निजको र निजका परिवारको सहमती प्राप्त गरी कार्यक्रम मा सहभागी गराउने ।

५.३ प्रसुति समय पछि पोषणको व्यबस्थापन गर्ने (पोषण भत्ता रकम नगद रु ५०००।-जनही उपलव्ध गराउने )

५.४. सुत्केरीलाई घरबाट स्वास्थ्य संस्था सम्म ल्याउन र सुत्केरी पश्चात घर सम्म लैजान र यदि सुत्केरी अवस्थामा जटिलता आई परेमा रेफर गरेको अस्पताल-काठमाडौंका अस्पताल र चितवन (भरतपुर) अस्पताल ) सम्म पुऱ्याउनका लागि एम्वुलेन्स सेवा बजेटले पुगेसम्म निःशुल्क प्रदान गरिने छ ।

५.५ बर्थिङ्ग सेन्टरको सरसफाई तथा फोहोर मैला व्यबस्थापन गर्ने ।

६ **भुक्तानी प्रकृयाः** स्वास्थ्य चौकी प्रमुखले सुत्केरी भए पश्चात पोषण खर्च वापतको नगद स्वीकृत रकाम भाग गरी कार्यालय संग समन्वय गरी हस्तान्तरण व्यवस्थापन गरिनेछ ।

७ **अनुगमन :** स्वास्थ्य शाखाले यस कार्यक्रमको नियमित अनुगमन गर्नेछ ।

८ **कार्यविधिमा परिमार्जन तथा संशोधन :** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

९ **कार्यविधि लागु :** यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

सिद्धलेक गाउँपालिका